The Journal of Musikot Multiple Campus *Volume 3 Issue 1 June 2025*
*A Peer-Reviewed, Open-Access Multidisciplinary Journal*
ISSN 2976-1271 (Print)
Published by the Research Management Cell
Musikot Khalanga Multiple Campus, Musikot, West Rukum
(A Constituent Campus of Mid-West University)

# सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशबाट प्रकाशित प्रतिवेदनमा भएका भाषिक त्रुटि

हरिजङ्ग शाह (उपप्राध्यापक)
मध्यपश्चिम विश्वविद्यालय
ग्र्याजुयट स्कुल अफ एजुकेसन, वीरेन्द्रनगर, सुर्खेत
https://orcid.org/0009-0005-1773-1349
नवीन भट्टराई
मा वि शिक्षक नेपाल पुलिस स्कुल, सुर्खेत

**सार**

*प्रस्तुत अध्ययन सामाजिक विकास मन्त्रालयबाट प्रकाशित प्रतिवेदन तथा सूचनामा (२०८०) प्रयुक्त वर्णविन्यासगत त्रुटिशीर्षकमा केन्द्रित रहेर तयार पारिएको छ । यस अध्ययनमा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशबाट प्रकाशित प्रतिवेदनमा भएका भाषिक त्रुटिको पहिचान गर्नु, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशबाट प्रकाशित प्रतिवेदनमा भाषिक त्रुटि हुने कारणको खोजी गर्नु जस्ता दुईवटा उद्देश्य रहेका छन् । प्रतिवेदन तथा सूचनामा भएका सामग्रीलाई समान सम्भावनायुक्त नमुना छनोट विधिअन्तर्गतको उद्देश्यपूर्ण नमुना छनोट विधिद्वारा नमुना जनसङ्ख्याका रूपमा छनोट गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।यसमा ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि १९१ वटा अर्थात समग्र त्रुटिको ३८.५८ प्रतिशत रहेको छ । ब र व सम्बन्धी त्रुटि भने ५४ वटा अर्थात समग्र त्रुटिको १०.५९ प्रतिशत रहेको पाइन्छ । श, ष, स सम्बन्धी त्रुटि भने २७ वटा अर्थात समग्र त्रुटिको ५.४६ प्रतिशत रहेको छ । पञ्चम वर्णको प्रयोग सम्बन्धी ३५ वटा अर्थात समग्र त्रुटि ७.०४ प्रतिशत शब्दमा त्रुटि रहेका छन् । पदवियोग सम्बन्धी १७१ वटा अर्थात समग्र त्रुटिको ३४.४४ प्रतिशत शब्दमा त्रुटि रहेका छन् । जसबाट भाषिक त्रुटिको महत्त्व बुझेर सम्बन्धित पक्ष वा सरोकारवाला निकाय सचेत र सजग हुनुपर्ने, प्रतिवेदन तथा सूचनाको भाषिक सम्पादन गरेर मात्र प्रकाशन गर्नुपर्ने, प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।*

***प्रमुख शब्दावली*** : प्रतिवेदन, भाषिक, वर्णविन्यास, त्रुटि, निराकरण

## अध्ययनको पृष्ठभूमि

भाषा कथ्य तथा लेख्य दुबै प्रकृतिको हुन्छ । मानवीय विचार विनिमयको सर्वोत्तम माध्यम भाषा हो । भाषा मानिसको उच्चारण अवयवबाट उच्चारित वाक्प्रतीकको यादृच्छिक व्यवस्था हो । भाषामा प्रयोग हुने वाक्प्रतीकहरू स्वतन्त्र हुन्छन् । प्रत्येक भाषा आफैमा व्यवस्थित हुने भएकाले एउटै विचारलाई अभिव्यक्ति गर्दा भिन्न-भिन्न वाक्प्रतीकको प्रयोग गरिरहेका हुन्छन् । भाषा जन्मजात प्राप्त हुने वस्तु नभई आर्जित हुने गर्दछ । प्रत्येक भाषामा आफ्नै खाले शब्द भण्डारहरू, अर्थव्यवस्था र व्याकरणिक व्यवस्था हुन्छ । भाषामा सामाजिक स्वीकृत हुने भएकाले यसलाई यादृच्छिक वाक्प्रतीक भनिएको हो । वक्ताले व्यक्त गरेका कुराहरू हावामा सञ्चारण भई मानव मस्तिष्कमा पुगेपछि बिम्ब निर्माण भई बोध हुन्छ (ढकाल,२०६८: ६४)। भाषा मानव जीवनका हरेक क्रियाकलाप सञ्चालनमा मद्दत पुऱ्याउँछ । भाषाका माध्यमबाट मानिसले आफ्ना दैनिक

क्रियाकलाप सञ्चालन गर्न सजिलो हुन्छ ।

सामान्य भाषामा त्रुटि भनेको गल्ती हो । मानिसले आफ्ना हरेक क्रियाकलाप गर्दा त्रुटि गरेको हुन्छ । भाषा सिकाइका क्रममा देखापर्ने विभिन्न गल्ती र त्रुटिहरूको अध्ययन गर्ने प्रक्रिया नै त्रुटि विश्लेषण हो । मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण तथा पद्धतिका रूपमा त्रुटि विश्लेषण रहेको छ । त्रुटि विश्लेषण भाषा सिकाइका क्रममा हुने विभिन्न त्रुटिहरू पहिल्याई तिनको निराकरण गरी भाषाको शिष्ट वा मानक रूपको प्रयोगमा आवश्यक पद्धतिको रूपमा विकसित भइसकेको छ । यसले भाषा शिक्षण गर्दा सिकाइमा रहेका कठिनाइ र त्रुटि क्षेत्र पहिल्याई भाषा शिक्षणको स्वाभाविक प्रक्रियाको पहिचानमा महत्त्वपूर्ण पक्षका रूपमा आफूलाई विकसित गरिसकेको छ ।

भाषा विश्लेषणको एक विशेष प्रकारका रूपमा विकसित त्रुटि विश्लेषण सन् १९६० को दशकमा चरम चुलीमा पुगेपछि त्रुटि विश्लेषणलाई क्रमशः पन्छाउँदै सन् १९७० को दशकदेखि भाषा शिक्षणका क्षेत्रमा देखा परेको हो । भाषा शिक्षणका क्षेत्रमा त्रुटि विश्लेषणको महत्त्व सन् १९७० पछि बढ्न थालेको देखिन्छ । त्रुटिको स्वरूप, यसको शैक्षणिक उपादेयता भाषा शिक्षणका सन्दर्भमा निकै महत्त्वपूर्ण छ । भाषा शिक्षण गराउन तथा भाषा सिक्ने क्रममा शिक्षार्थीहरूले लेखन कार्यमा गर्ने गल्ती, कमजोरी वा भुललाई औँल्याएर त्यसप्रति सचेत बनाउने उद्देश्यले त्रुटि विश्लेषणको अवधारणा विकास भएको हो । त्रुटि विश्लेषण प्रायोगिक एवम् व्यावहारिक पक्षसँग सम्बन्धित विषय भएकाले यो सैद्धान्तिक प्रकृतिको नभई व्यावहारिक वा प्रायोगिक प्रकृतिको हुन्छ । यसले भाषा सिकाइमा लेखाइ सीपको अनुपयुक्त पक्षको अध्ययन तथा विश्लेषण गर्ने काम गर्दछ ।

नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हो । यसको इतिहास लामो रहेको छ । नेपाली भाषा शिक्षा तथा सञ्चारको माध्यम भाषा हुनुका अतिरिक्त नेपालको सम्पर्क भाषा पनि रहेको छ ।त्यसकारण नेपाली भाषाको उचित सम्मान हुनु जरूरी छ । यसर्थ संस्कृतिको संवाहक नेपाली भाषाको अतुलनीय महत्त्वलाई मनन गर्दै यसै भाषा सम्बद्ध रहेर नेपालका सरकारी कार्यालयहरूमा विभिन्न किसिमका प्रतिवेदन तयार पारिएका हुन्छन् । ती प्रतिवेदनमा प्रयुक्त भाषा प्रायः त्रुटिपूर्ण तथा स्तरीय भएको पाइदैन । कुनै पनि व्यक्तिको अभिव्यक्ति पक्षलाई वा संस्थाद्वारा प्रकाशित भाषिक सामग्रीलाई निखार्न र त्रुटि रहित बनाउनलाई यस्ता पक्षको अध्ययन गर्नु आवश्यक छ । हाल सामाजिक सञ्जालमा विभिन्न सरकारी कार्यालय तथा सङ्घ संस्थामा प्रकाशित सूचनामा भएका त्रुटिलाई नकारात्मक कोणबाट प्रस्तुत गरेको पाइन्छ । त्यस्ता त्रुटि हुनबाट बच्नका लागि पनि यो अध्ययन औचित्यपूर्ण रहेको छ । त्यसैगरी वर्णको शुद्धता नभएसम्म भाषाले जीवन्तता पाउन सक्दैन । यस अध्ययनले वर्णविन्यासले नेपाली भाषाका मानक, उच्चारण र लेखनमा सहयोग पुऱ्याउँछ । प्रस्तुत अध्ययनले भाषाको शुद्ध लेखनमा सहयोग गर्ने भएकाले,वाक्य गठन, वर्णविन्याससँगै लेख्य चिन्हको प्रयोग सम्बन्धी जानकारी गराउने भएकाले, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशबाट प्रकाशित प्रतिवेदनमा भएका भाषिक त्रुटिको पहिचान गरी त्रुटि निराकरणमा सहयोग गर्ने भएकाले,यसको अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशबाट प्रकाशित प्रतिवेदनमा भएका भाषिक त्रुटिको पहिचान गर्नु र उक्तप्रतिवेदनमा भाषिक त्रुटि हुने कारणको खोजी गरी निराकरणका उपाय प्रस्तुत गर्नु रहेका छन् ।

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा भाषिक त्रुटिलाई ह्रस्वदीर्घ सम्बन्धी त्रुटि, ब र व सम्बन्धी त्रुटि, श, ष र स सम्बन्धी त्रुटि, पञ्चम वर्ण सम्बन्धी त्रुटि र पादयोग तथा पदवियोग सम्बन्धी त्रुटिको अध्ययन गरी तथ्याङ्कको वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएकाले गुणात्मक र ती तथ्याङ्कलाई सङ्ख्यामा उल्लेख गरी प्रतिशतमा देखाउँदा

परिमाणात्मक पनि भएकोले अध्ययनको ढाँचा मिश्रित रहेको छ । सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेतद्वारा प्रकाशित प्रतिवेदन र सूचनालाई जनसङ्ख्याका रूपमा लिइएको छ । जसमध्ये नमुना छनोट गर्दा निर्णायक/सुविधाजनक नमुना छनोट पद्धति अनाइएको छ। मिति २०८० सालमा प्रकाशित सूचनामध्ये सामाजिक विकास मन्त्रालयबाट विभिन्न समयमा प्रकाशित सूचनामा भएका वर्णविन्यासगत त्रुटिको अध्ययन गरिएको छ । यस अध्ययनमा मूलतः पुस्तकालयीयअध्ययन कार्य अपनाइएको छ । अध्ययनमा मन्त्रालयबाट प्रकाशित प्रतिवेदनतथा सूचनाबाट तथ्याङ्क सङ्कलन गरिएको छ। अध्ययनमानेपाली भाषासँग सम्बन्धित त्रुटि विश्लेषणको सिद्धान्तलाई आधार मानी प्रतिवेदनमा प्रयुक्त भाषिक त्रुटिको विश्लेषण गरिएको छ।

**तथ्याङ्कको व्याख्या र विश्लेषण**

प्रस्तुत अध्ययनमा सामाजिक विकास मन्त्रालयबाट प्रकाशित विभिन्न समयमा प्रकाशित प्रतिवेदनमा भएका वर्णविन्यासगत त्रुटिको अध्ययन गरिएको छ । यसमा वार्षिक प्रतिवेदनका सातवटा शीर्षकलाई नमुनाको रूपमा लिइएको छ । त्यस्तै अर्धवार्षिक प्रतिवेदन आ.व. २०८०/८१ का छवटा शीर्षकबाट भाषिक त्रुटिको अध्ययन गरिएको छ । प्रथम चौमासिक समीक्षा प्रतिवेदनको आ.व. २०८०/८१ पाँचवटा शीर्षकलाई उद्देश्यपूर्ण नमुना छनोटसका आधारमा छनोट गरी अध्ययन विश्लेषण गरिएको छ। त्यसैगरी मन्त्रायबाट२०८० मा विभिन्न समयमा प्रकाशित पाँचवटा सूचनालाई पनि तथ्याङ्क सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ।

*प्रतिवेदनमा भएका वर्णविन्यासगत त्रुटि*

मन्त्रालयबाट प्रकाशित प्रतिवेदमा भएका भाषिक त्रुटिअन्तर्गत वर्णविन्यासगत त्रुटिमा ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि, पञ्चम वर्ण (ङ, ञ, ण, न, म) सम्बन्धी त्रुटि, ब/व को प्रयोग सम्बन्धी त्रुटि, पदयोग र पद वियोग सम्बन्धी त्रुटि, श/ष/स सम्बन्धीत्रुटिको अध्ययन निम्नानुसार शीर्षक तथा उपशीर्षकमा राखी व्याख्या एवम् विश्लेषण गरिएको छ :

**ह्रस्वदीर्घ सम्बन्धी त्रुटिः** नेपाली भाषाको वर्णविन्यासमा इकार (इ-ई, ि - ी ), उकार ( उ-ऊ, ु - ू ), (ऋ कृ, रु-रू) को उपयुक्त प्रयोगसम्बन्धी त्रुटि नै ह्रस्व-दीर्घसम्बन्धी त्रुटि हुन् ।यस अध्ययनको नमुना छनोटमा परेका प्रस्तुत अध्ययनमा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतबाट प्रकाशित प्रतिवेदनमा रहेका ह्रस्वदीर्घसम्बन्धी त्रुटिको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

***वार्षिक प्रगति प्रतिवेदनमा भएका ह्रस्वदीर्घ सम्बन्धी त्रुटिः*** प्रस्तुत अध्ययनमा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतबाट आ.व.२०७९/८० मा प्रकाशित वार्षिक प्रगति विवरणको प्रतिवेदनमा भएका भाषिक त्रुटिको अध्ययन गरिएको छ। यसमा वार्षिक प्रतिवेदनमा ह्रस्व र दीर्घ इकारसम्बन्धी शब्दादि, शब्दमध्य र शब्दान्तमा हुने त्रुटिको विवरणलाई समग्रमा प्रस्तुत गरिएको छ।

प्रतिवेदनको पृष्ठभूमिमा भएका त्रुटिहरू देखि, प्रदेशलाई, प्राचीन रहेका छन् । त्यस्तैगरी दीर्घकालीन उद्देश्यहरू शीर्षकमा भने दिर्घकालिन, वन्चितिकरण शब्दमा त्रुटि रहेको छ। मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा भने बीमा, औषधि, सूर्ति, साधारणलाइ, पिछडीएका, परिक्षण, प्राचिन शब्दमा ह्रस्व इकार सम्बन्धी त्रुटि देखिन्छ । उपलब्धीहरू, बनाइ, गराइएका, ल्याइएका, औषधी मन्त्रालयद्वारा सम्पादन भएका मुख्य कार्यहरू तथा प्रमुख उपलब्धीहरूमा देखिएका त्रुटि हुन् । बजेट कार्यन्वयनमा देखिएका समस्या शीर्षकमा देखिएका त्रुटिहरूमा बनाई, तिब्र, दीगो, बाँकि, स्वस्थ्यकर्मिहरू रहेका छन् । जसको सही रूप बिनाश, तीव्र, दिगो, बाँकी, स्वस्थ्यकर्मीहरू हुन्छ।

प्रतिवेदनमा भएका ह्रस्व र दीर्घ उकारसम्बन्धीत्रुटिको विवरण प्रस्तुत गरिएको छ । यस अध्ययनमा प्रतिवेदनको पृष्ठभूमिमा भएका त्रुटिहरूमा भरिपुर्ण, अमुल्य जस्ता शब्द रहेका छन् । त्यसको शुद्धरूप भरिपूर्ण,

अमूल्य हुन्छ । प्रतिवेदनको दीर्घकालीन उद्देश्यहरू शीर्षकमा भने खेलकूद शब्द रहेको छ भने यसको शुद्धरूप खेलकुद हुन्छ । यस प्रतिवेदनको मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा भने अनुरुप, सूर्ति, कानून, संस्थाहरु, पर्वहरु, निरुपण जस्ता शब्दहरूका अशुद्धरूप रहेका छन् । यसका शुद्धरूपहरूमा अनुरूप, सुर्ती, कानुन, संस्थाहरू, पर्वहरू, निरूपण रहेका छन् । प्रमूख, उपलब्धिहरु, स्वास्थ्यकर्मीहरु जस्ता शब्द मन्त्रालयद्वारा सम्पादन भएका मुख्य कार्यहरू तथा प्रमुख उपलब्धिहरूमा देखिएका त्रुटि हुन् । ती शब्दका शुद्धरूपमा प्रमुख, उपलब्धिहरू, स्वास्थ्यकर्मीहरू रहेका छन् । बजेट कार्यन्वयनमा देखिएका समस्या शीर्षकमा देखिएका त्रुटिहरूमा मूख्य, रुपमा, निर्देशिकाहरुको, कारणहरु, पुर्ति, कानूनहरूको, खेलकूद, मुल्यांकन, भुगोलका, बेरूजु जस्ता शब्द रहेका छन् । जसको सही रूप मुख्य, रूपमा, निर्देशिकाहरूको, कारणहरू, पूर्ति, कानुनहरूको, खेलकुद, मूल्याङ्कन, भूगोलका, बेरुजु हुन्छ । सिकाइ शीर्षकमा समस्याहरु, महाशाखाहरु, प्रमूख, नतिजामूखी, निरूत्साहितीकरण जस्ता शब्दमा अशुद्धरूप रहेका छन् । यसको सही रूप समस्याहरू, महाशाखाहरू, प्रमुख, नतिजामुखी, निरुत्साहितीकरण हुन्छ । त्यस्तै यस प्रतिवेदनको अवसर तथा सम्भावना शीर्षकका शुरू, खेलकूद शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप सुरु, खेलकुद हुन्छ । प्रतिवेदनको समग्र शीर्षकमा आफुलाई शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप आफूलाई हुन्छ ।

***अर्धवार्षिक प्रगति प्रतिवेदनमा भएका ह्रस्वदीर्घ सम्बन्धी त्रुटि:*** मन्त्रालयबाट आ.व.२०८०/०८१ मा प्रकाशित अर्धवार्षिक प्रगति प्रतिवेदनमा भएका ह्रस्व र दीर्घ इकार सम्बन्धी शब्दादि, शब्दमध्य र शब्दान्तमा हुने त्रुटिको विवरण प्रस्तुत गरिएको छ । जसमा अर्धवार्षिक प्रगति प्रतिवेदनको परिचय खण्डमा भएका इकार सम्बन्धी त्रुटिहरूमा स्विकृत, गरि शब्द रहेका छन् । त्यसको शुद्धरूप स्वीकृत, गरी हुन्छ । नमुना छनोटमा परेको मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय शीर्षकमा कुनै पनि त्रुटि भेटिएको छैन । रणनैतिक उद्देश्यहरू शीर्षकको अध्ययनमा ह्रस्वदीर्घ इकार सम्बन्धी त्रुटिमा वन्चितिकरण शब्द रहेको छ । यसको शुद्धरूप वञ्चितीकरण हुन्छ । बेरुजु व्यवस्थापनका लागि भएका प्रयासहरू शीर्षकको अध्ययनमा लगाईएको, बढि, गराई, गरि, सम्परिक्षण ह्रस्वदीर्घ सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप लगाइएको, बढी, गराइ, गरी, सम्परीक्षण हुन्छ । नमुना छनोटमा परेको सम्पादित प्रमुख क्रियाकलापहरू (श्रावण-पौष २०८०) शीर्षकमा ह्रस्वदीर्घ इकार सम्बन्धी अध्ययनमा स्तरिय, समिक्षा, परिक्षण, रूकुम, स्थानिय, कर्मि, डेङ्गि, सामग्रि, मौषमि, देखीका शब्दमा त्रुटि रहेको पाइयो । यसको शुद्धरूप स्तरीय, समीक्षा, परीक्षण, रुकुम, स्थानीय, कर्मी, डेङ्गी, सामग्री, मौसमी, देखिका हुन्छ । समस्या चुनौतीहरू शीर्षकमा गरिएको अध्ययनमा निर्माणाधिन, कालिकोट, न्यूनिकरण, पौष्ठीक, कठिनाई, स्वीकृती, बीच, औषधि शब्दमा त्रुटि रहेको पाइन्छ । यी शब्दको शुद्धरूप निर्माणाधीन, कालीकोट, न्यूनीकरण, पौष्ठिक, कठिनाइ, स्वीकृति, बिच, औषधी हुन्छ ।

प्रस्तुत अध्ययनमा अर्धवार्षिक प्रगति प्रतिवेदनको परिचय खण्ड र मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय शीर्षकमा कुनै पनि त्रुटि रहेको छैन । रणनैतिक उद्देश्यहरू शीर्षकको अध्ययनमा ह्रस्वदीर्घ उकार सम्बन्धी त्रुटिमा खेलकूद, वहुमुल्य शब्द रहेका छन् । यसको शुद्धरूप खेलकुद, बहुमूल्य हुन्छ । बेरुजु व्यवस्थापनका लागि भएका प्रयासहरू शीर्षकको अध्ययनमा बेरूजु, प्रमूख शब्दमा ह्रस्वदीर्घ सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप बेरुजु, प्रमुखहुन्छ । नमुना छनोटमा परेको सम्पादित प्रमुख क्रियाकलापहरू (श्रावण-पौष २०८०) शीर्षकमा ह्रस्वदीर्घ उकार सम्बन्धी अध्ययनमा प्रमूख, रूकुम, रूकुमपश्चिम, आधारभुत, संस्थाहरु, रुपमा शब्दमा त्रुटि रहेको पाइयो । यसको शुद्धरूप प्रमुख, रुकुम, आधारभूत, संस्थाहरू, रूपमा हुन्छ । समस्या चुनौतीहरू शीर्षकमा गरिएको अध्ययनमा सरूवा, अस्पतालहरु, बालबालिकाहरु, पूर्णरुपमा शब्दमा त्रुटि रहेको पाइन्छ । यी शब्दको शुद्धरूप सरुवा, अस्पतालहरू, बालबालिकाहरू, पूर्णरूपमा हुन्छ ।

**प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका ह्रस्व र दीर्घ सम्बन्धी त्रुटिः** मन्त्रालयबाट आ.व.२०८०/०८१ मा प्रकाशित प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका ह्रस्वदीर्घ इकार सम्बन्धी शब्दादि, शब्दमध्य र शब्दान्तमा हुने त्रुटिको विवरण प्रस्तुत गरिएको छ । जसमा प्रतिवेदनको प्रमुख उपलब्धीहरू शीर्षकमा तिव्रता, प्रदेशस्तरिय, सिकाई, उच्चस्तरिय, कार्यविधी, स्विकृति जस्ता त्रुटि रहेको पाइन्छ । जसको शुद्धरूप तीव्रता,

प्रदेशस्तरीय, सिकाइ, उच्चस्तरीय, कार्यविधि, स्वीकृति हुन्छ । त्यसैगरी भूकम्प प्रतिकार्य शीर्षकमा औषधिजन्य, सुद्धीकरण, पठाईएको, अल्पकालिन, गराईएको शब्दमा त्रुटि देखिन्छ । जसको शुद्धरूप तीव्रता, प्रदेशस्तरीय, सिकाइ, उच्चस्तरीय, कार्यविधि, स्वीकृति हुन्छ । सङ्घसँग सहकार्य गर्नुपर्ने कार्यहरू शीर्षकमा ह्रस्वदीर्घ इकार सम्बन्धी त्रुटि रहेको छैन । स्थानीय तहसँग सहकार्य गर्नुपर्ने कार्यहरू शीर्षकमा बोलाई, भईरहेको शब्दमा ह्रस्वदीर्घ सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप बोलाइ, भइरहेको हुन्छ ।

प्रस्तुत अध्ययनमा ह्रस्वदीर्घ उकार सम्बन्धी शब्दादि, शब्दमध्य र शब्दान्तमा भएका त्रुटिको अध्ययन गरिएको छ । जसमा प्रतिवेदनको प्रमुख उपलब्धीहरू शीर्षकमा सरूवा, हरु, रुपान्त्रण, पूनस्थापना जस्ता त्रुटि रहेको पाइन्छ । जसको शुद्धरूप सरुवा, हरू, रूपान्त्रण, पुनस्थापना हुन्छ । त्यसैगरी भूकम्प प्रतिकार्य शीर्षकमा श्रोतहरु, पूर्णरुप शब्दमा त्रुटि देखिन्छ । जसको शुद्धरूप स्रोतहरू, पूर्णरूप हुन्छ । सङ्घसँग सहकार्य गर्नुपर्ने कार्यहरू शीर्षकमा सरूवा, खेलकूद शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप सरुवा, खेलकुद हुन्छ । स्थानीय तहसँग सहकार्य गर्नुपर्ने कार्यहरू शीर्षकमा नमूना, खेलकूद, बेरूजु शब्दमा ह्रस्वदीर्घ उकार सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप नमुना, खेलकुद, बेरुजु हुन्छ ।

***दैनिक सूचनामा भएका ह्रस्वदीर्घ सम्बन्धी त्रुटिः*** नमुना छनोटमा परेका सामाजिक विकास मन्त्रालयबाट आ.व.२०८०/०८१ मा प्रकाशित विभिन्न समयका सूचनामा भएका ह्रस्व र दीर्घ इकार सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । अध्ययन अनुसन्धानका लागि प्रस्ताव आह्वान शीर्षकको सूचनामा गराई, रहि, माथी, विध्यार्थि, विद्यार्थि, दिईनेछ, सिमा, अभिमुखिकरण, सहभागि, दायीत्व, हुनेछ, प्रस्तुतिकरण, गरि, गराई, दिईनेछ, उत्तरदायीत्व, प्रभावकारीता, गरीएका, छात्रवृति, भूमिका को, एकिकृत, प्रणालि, स्थानिय, प्रत्यक्षिकरण, बुझाई, निकाय वीच, नितिगत, कर्मचारि, अभिमुखिकरण, समिक्षा शब्दमा ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि रहको पाइन्छ । यसको शुद्धरूप गराइ, रही, माथि, विद्यार्थी, विद्यार्थी, दिइने छ, सीमा, अभिमुखीकरण, सहभागी, दायित्व, हुने छ, प्रस्तुतीकरण, गरी, गराइ, दिइने छ, उत्तरदायित्व, प्रभावकारिता, गरिएका, एकीकृत, प्रणाली, स्थानीय, प्रत्यक्षीकरण, बुझाइ, बिच, नीतिगत, कर्मचारी, अभिमुखीकरण, समीक्षा हुन्छ । त्यसैगरी युवामैत्री स्थानीय तह घोषणा सम्बन्धी निवेदन पेस गर्ने सम्बन्धमा शीर्षकको सूचनामा गरि, राखीएको, जानकारि शब्दमा त्रुटि पाइन्छ । यसको शुद्धरूप गरी, राखिएको, जानकारी हुन्छ । एफ.एम. रेडियोहरुको लागि दरभाउ पेस गर्ने सम्बन्धमा शीर्षकको सूचनामा द्विपक्षिय, यहि, मानि, नविकरण, गरि, मुल्य, पाईनेछैन, पछाडी, एकाई, समायावधी जस्ता त्रुटि रहेका छन् । यसको शुद्धरूप द्विपक्षीय, यही, मान, नवीकरण, गरी, मूल्य, पाइने छैन, पछाडि, एकाइ, समायावधि हुन्छ । मन्त्रालयबाट प्रकाशित दैनिक सूचनामध्ये माग आकृति फाराम पठाउने सम्बन्ध शीर्षकमा आपूर्ती, पदपुर्ति, यहि, आईपुग्ने पठाईदिनुहुन जस्ता ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि रहेका छन् । जसको शुद्धरूप आपूर्ति, यही, आइपुग्ने पठाइदिनुहुन हुन्छ । प्रदेश स्तरमा सङ्गीत तथा लोकगीत नृत्य प्रशिक्षण कार्यक्रम गर्न प्रस्ताव पेस गर्ने सम्बन्धी सूचनामा रहि, सहभागि, रुची शब्दमा त्रुटि रहेको छ । यसको यसको शुद्धरूप रही, सहभागी, रुचि हुन्छ ।

प्रस्तुत अध्ययनमा मन्त्रालयबाट प्रकाशितसूचनामा भएका ह्रस्व र दीर्घ उकार सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । अध्ययन अनुसन्धानका लागि प्रस्ताव आह्वान शीर्षकको सूचनामा हरु, सुचना, सुची, पुरा, रुपमा, रुप, पुरा, सफलता पुर्वक, नमूना, पुर्ति, एकिकृत, सुचना, आधारभुत शब्दमा ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि रहको पाइन्छ । यसको शुद्धरूप हरू, सूचना, सूची, पूरा, रूपमा, रूप, पूरा, सफलतापूर्वक, नमुना, पूर्ति, एकीकृत, सूचना, आधारभूत हुन्छ । त्यसैगरी युवामैत्री स्थानीय तह घोषणा सम्बन्धी निवेदन पेस गर्ने सम्बन्धमा शीर्षकको सूचनामा हरु शब्दमा त्रुटि पाइन्छ । यसको शुद्धरूप शरू हुन्छ । एफ.एम. रेडियोहरुको लागि दरभाउ पेस गर्ने सम्बन्धमा शीर्षकको सूचनामा हरु, सन्देश मुलक, रुपमा, मुल्य, मुल्य जस्ता शब्दमा ह्रस्व र दीर्घ उकार सम्बन्धी त्रुटि रहेका छन् । यसको शुद्धरूप हरू, सन्देशमूलक, रूपमा, मूल्य हुन्छ । मन्त्रालयबाट प्रकाशित दैनिक सूचनामध्ये माग आकृति फाराम पठाउने सम्बन्ध शीर्षकमा आपूर्ती, पदपुर्ति जस्ता ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि रहेका छन् । जसको शुद्धरूप आपूर्ति, पदपूर्ति हुन्छ । प्रदेश स्तरमा सङ्गीत तथा लोकगीत नृत्य प्रशिक्षण कार्यक्रम गर्न प्रस्ताव पेस गर्ने सम्बन्धी सूचनामा सुचना, हरु शब्दमा त्रुटि रहेको छ । यसको यसको शुद्धरूप सूचना, हरू हुन्छ ।

*'ब, व' को प्रयोगसम्बन्धी त्रुटि*

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेतबाट प्रकाशित सामग्रीमा रहेका 'ब' र 'व' को प्रयोगसम्बन्धी त्रुटिको अध्ययन गरिएको छ ।

***वार्षिक प्रतिवेदन भएका 'ब' र 'व' सम्बन्धी त्रुटिः*** वार्षिक प्रगति प्रतिवेदनको पृष्ठभूमिमा 'ब' को प्रयोग सम्बन्धी त्रुटि रहेका छैनन् । प्रतिवेदनको दीर्घकालीन उद्देश्यहरू शीर्षकमा भने वालअधिकार, वालमैत्री, अवलम्वन, लगाव, वमोजिम जस्ता शब्द रहेका छन् । यसको शुद्धरूप बालबालिका, बालमैत्री, अवलम्बन, लगाब, बमोजिम हुन्छ । यस प्रतिवेदनको मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा भने सम्वन्धी, वजेट, प्रवन्ध, दरवारहरु जस्ता शब्दहरूका अशुद्धरूप रहेका छन् । यसका शुद्धरूपहरूमा सम्बन्धी, बजेट, प्रबन्ध, दरबारहरू हुन्छन् । ब्यवस्था ब्यवस्थित जस्ता शब्द मन्त्रालयद्वारा सम्पादन भएका मुख्य कार्यहरू तथा प्रमुख उपलब्धिहरूमा देखिएका त्रुटि हुन् । ती शब्दका शुद्धरूपमा व्यवस्था, व्यवस्थित हुन्छ । बजेट कार्यन्वयनमा देखिएका समस्या शीर्षकमा देखिएका त्रुटिहरूमा ब्यवस्थापन ब्यवस्थित, तिब्र, वजेट विहिनता बेरूजु श्बवाहन ब्यवस्था जस्ता शब्द रहेका छन् । जसको सही रूप व्यवस्थापन व्यवस्थित तीव्र, बजेट बिहिनता श्ववाहन व्यवस्था हुन्छ । सिकाइ शीर्षकमा वनाउनु शब्दमा अशुद्धरूप रहेको छ । यसको सही रूप बनाउनु रहेको छ । त्यस्तै यस प्रतिवेदनको अवसर तथा सम्भावना शीर्षकका अबिधृद्धि, प्रबृत्ति, छात्रबृति, ब्यवस्थापन शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप अभिवृद्धि, प्रवृत्ति, छात्रवृति, व्यवस्थापन हुन्छ । प्रतिवेदनको समग्र शीर्षकमा त्रुटि रहेको छैन ।

प्रस्तुत प्रतिवेदनमा भएका 'व' सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । जसमा वार्षिक प्रगति प्रतिवेदनको पृष्ठभूमि, दीर्घकालीन उद्देश्यहरू, सिकाइ शीर्षकमा त्रुटि रहेको छैन । यस प्रतिवेदनको मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा भने बिसर्जन शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप विसर्जन हुन्छ । मन्त्रालयद्वारा सम्पादन भएका मुख्य कार्यहरू तथा प्रमुख उपलब्धिहरूमा देखिएका त्रुटिमा ब्यवस्था, ब्यवस्थित रहेको छन् । ती शब्दका शुद्धरूपमा व्यवस्था, व्यवस्थित हुन्छ । बजेट कार्यन्वयनमा देखिएका समस्या शीर्षकमा देखिएका त्रुटिहरूमा ब्यवस्थापन, ब्यवस्थित, तिब्र श्बवाहन, ब्यवस्था रहेका छन् । जसको सही रूप व्यवस्थापन, व्यवस्थित, तीव्र, शववाहन, व्यवस्था हुन्छ । त्यस्तै यस प्रतिवेदनको अवसर तथा सम्भावना शीर्षकका अबिधृद्धि प्रबृत्ति छात्रबृति ब्यवस्थापन गौरब शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप अभिवृद्धि, प्रवृत्ति, छात्रवृति, व्यवस्थापन, गौरव हुन्छ । समग्रमा शीर्षकका अभिबृद्धी ब्यवस्था शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप अभिवृद्धि, व्यवस्था हुन्छ ।

***अर्धवार्षिक प्रगति प्रतिवेदनमा भएका 'ब' र 'व' सम्बन्धी त्रुटिः*** अर्धवार्षिक प्रगति प्रतिवेदनको मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय शीर्षकमा अभिबृद्धि शब्दमा त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप अभिवृद्धि हुन्छ । त्यस्तै रणनैतिक उद्देश्यहरू शीर्षकमा गरिएको अध्ययनमा पृवाधार, वालअधिकार, वालमैत्री, सम्वाहक, लगाव, वहुमुल्य शब्दमा त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप पूर्वाधार, बालअधिकार, बालमैत्री, सम्बाहक, लगाब, बहुमूल्य हुन्छ । त्यसबाहेक अन्य शीर्षकमा कुनै पनि शब्दमा 'ब' सम्बन्धी त्रुटि रहेको छैन । त्यसैगरी प्रस्तुत अध्ययनमा अर्धवार्षिक प्रगति प्रतिवेदनमा कुनै पनि 'व' शब्दमा सम्बन्धी त्रुटि रहेको छैन ।

***प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका 'ब' र 'व' सम्बन्धी त्रुटिः*** प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा ब सम्बन्धी त्रुटि भूकम्प प्रतिकार्य शीर्षकको व्यबस्थापन शब्दमा त्रुटि रहेको छ । जसको शुद्धरूप व्यवस्थापन हुन्छ । प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भने 'व' सम्बन्धी त्रुटि कुनै पनि शब्दमा रहेको छैन ।

***दैनिक सूचनामा भएका 'ब' र 'व' सम्बन्धी त्रुटिः*** प्रस्तुत अध्ययनमा मन्त्रालयबाट प्रकाशित सूचनामा भएका 'ब' सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । अध्ययनका लागि प्रस्ताव आह्वान शीर्षकको सूचनामा एबम्, वेबसाइट सम्बन्धी त्रुटि रहको पाइन्छ । यसको शुद्धरूप एवम्, वेबसाइट हुन्छ । त्यसबाहेकका अन्य कुनै पनि सूचनामा 'ब' सम्बन्धी त्रुटि पाइदैन । त्यसैगरी यस अध्ययनमा 'व' सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । अध्ययनका लागि प्रस्ताव आह्वान शीर्षकको सूचनामा एबम्, बार्षिक, वीच, अबस्था, बिद्यालय सम्बन्धी त्रुटि

रहको पाइन्छ । यसको शुद्धरूप एवम्, वार्षिक, बिच, अवस्था, विद्यालय हुन्छ । त्यसबाहेकका अन्य कुनै पनि सूचनामा 'व' सम्बन्धी त्रुटि पाइदैन ।

*श, ष, स को प्रयोगसम्बन्धी त्रुटि*

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतबाट आ.व.२०८०/०८१ मा प्रकाशित विभिन्न समयका सूचनामा वार्षिक प्रतिवेदन, अर्धवार्षिक प्रगति प्रतिवेदन, प्रथम चौमासिक समीक्षा प्रतिवेदन तथा सूचनामा भएका श, ष, स को प्रयोग सम्बन्धी त्रुटिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

***वार्षिक प्रतिवेदन भएका श, ष, स को प्रयोग सम्बन्धी त्रुटिः*** वार्षिक प्रगति विवरणको प्रतिवेदनमा भएका 'श' को प्रयोग सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । यस अध्ययनमा नमुना छनोटमा परेका विभिन्न शीर्षकमध्ये बजेट कार्यन्वयनमा देखिएका समस्या शीर्षकमा श्ववाहन शब्दमा त्रुटि रहेको छ । यसको  शुद्धरूप शववाहन रहेको छ ।

वार्षिक प्रगति विवरणको प्रतिवेदनमा भएका 'ष' सम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ । जसमा वार्षिक प्रगति प्रतिवेदनको मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा प्रेशक शब्दमा त्रुटि रहेको छ । त्यसको शुद्धरूप प्रेषक हुन्छ । त्यसबाहेक प्रतिवेदनका नमुना छनोटमा परेका अन्य शीर्षकमा 'ष' सम्बन्धी त्रुटि रहेका छैनन् ।

वार्षिक प्रगति विवरणको प्रतिवेदनमा भएका 'स' सम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ । जसमा वार्षिक प्रगति प्रतिवेदनको मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा प्रेशक शब्दमा त्रुटि रहेको छ । त्यसको शुद्धरूप प्रेषक हुन्छ । त्यसबाहेक प्रतिवेदनका नमुना छनोटमा परेका अन्य शीर्षकमा 'ष' सम्बन्धी त्रुटि रहेका छैनन् । नमुना छनोटमा परेको वार्षिक प्रगति प्रतिवेदनको पृष्ठभूमि शीर्षकमा पेशा शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप पेसा हुन्छ । त्यसैगरी यसै प्रतिवेदनको मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा शर्त शब्दमा त्रुटि देखिन्छ । यसको शुद्धरूप सर्त हुन्छ । बजेट कार्यन्वयनमा देखिएका समस्या शीर्षकमा शुरू शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप सुरु हुन्छ । अवसर तथा सम्भावना शीर्षकमा पनि शुरू शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप सुरु हुन्छ ।

***अर्धवार्षिक प्रगति प्रतिवेदनमा भएका श,ष, स सम्बन्धी त्रुटिः*** अर्धवार्षिक प्रगति प्रतिवेदनमा कुनै पनि शब्दमा 'श', 'ष' र 'स' सम्बन्धी त्रुटि रहेको छैन ।

***प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका श, ष, स सम्बन्धी त्रुटिः*** प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा 'श' सम्बन्धी त्रुटि भूकम्प प्रतिकार्य शीर्षकमा सुद्धीकरण रहेको छ । यसको शुद्धरूप शुद्धीकरण हुन्छ । यसबाहेक अन्य कुनै पनि शीर्षकमा 'श' सम्बन्धी त्रुटि रहेको छैन ।

***दैनिक सूचनामा भएका 'श', 'ष' 'स' सम्बन्धी त्रुटिः*** सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतबाट आ.व.२०८०/०८१ मा प्रकाशित विभिन्न समयका सूचनामा 'श' सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । अध्ययनका लागि नमुना छनोटमा परेका शीर्षक/सूचनामा प्रस्ताव आह्वान शीर्षकको सूचनामा विषेश सम्बन्धी त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप विशेष हुन्छ । त्यसबाहेकका अन्य कुनै पनि सूचनामा 'श' सम्बन्धी त्रुटि पाइदैन ।

त्यसैगरी सूचनामा भएका 'ष' सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । यसमाअध्ययनका लागि नमुना छनोटमा परेका शीर्षक/सूचनामा प्रस्ताव आह्वान शीर्षकको सूचनामा विषेश सम्बन्धी त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप विशेष हुन्छ । त्यसबाहेकका अन्य कुनै पनि सूचनामा 'ष' सम्बन्धी त्रुटि पाइदैन ।

प्रस्तुत अध्ययनमा मन्त्रालयबाट प्रकाशित सूचनामा 'स' सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । यस अध्ययनमा युवामैत्री स्थानीय तह घोषणा सम्बन्धी निवेदन पेस गर्ने सम्बन्धमा शीर्षकको सूचनामा शशर्त, पेश, दशौं शब्दमा 'स' सम्बन्धी त्रुटि रहेको पाइन्छ । यसमा भएका त्रुटिपूर्ण शब्दका शुद्धरूप ससर्त, पेस, दसौँ हुन्छ । एफ.एम. रेडियोहरुको लागि दरभाउ पेस गर्ने सम्बन्धी सूचनामा पेश, शर्त शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप पेस, सर्त हुन्छ । प्रदेश स्तरमा सङ्गीत तथा लोकगीत नृत्य प्रशिक्षण कार्यक्रम गर्न प्रस्ताव पेस गर्ने सम्बन्धी सूचनामा पेश, दशौं, दशै अशुद्ध रहेका छन् भने पेस, दसौँ, दस शुद्ध शब्द हुन् । त्यसबाहेकका अन्य कुनै पनि सूचनामा 'स' सम्बन्धी त्रुटि पाइदैन ।

*पञ्चम वर्णको प्रयोगसम्बन्धी त्रुटि*

मन्त्रालयबाट प्रकाशित प्रतिवेदन तथा सूचनामा रहेका पञ्चम वर्णको प्रयोगसम्बन्धी त्रुटिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

***वार्षिक प्रतिवेदन भएका पञ्चम वर्णको प्रयोग सम्बन्धी त्रुटि*:** नमुना छनोटमा परेको वार्षिक प्रगति प्रतिवेदनको पृष्ठभूमि, दीर्घकालीन उद्देश्यहरू, मन्त्रालयद्वारा सम्पादन भएका मुख्य कार्यहरू तथा प्रमुख उपलब्धिहरू र अवसर तथा सम्भावनामा पञ्चम वर्ण सम्बन्धी त्रुटिहरू रहेका छैनन् । मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा पञ्चम वर्ण सम्बन्धी भएका अशुद्धरूपमा संघ, संचय, संभार, लैंगिक, संघसस्था, संघसंस्था, संग्रहालय रहेका छन् । त्यसको शुद्धरूप सङ्घ, सञ्चय, सम्भार, लैङ्गिक, सङ्घसस्था, सङ्ग्रहालय हुन्छ । नमुना छनोटमा परेको बजेट कार्यान्वयनमा देखिएका समस्या शीर्षकमा भएका पञ्चम वर्ण सम्बन्धी त्रुटिहरूमा संक्षिप्त, संगठन, संघीय, संगठनात्मक संघसंस्थाहरू शब्द रहेका छन् । यसको शुद्धरूप सङ्क्षिप्त, सङ्गठन, सङ्घीय, सङ्गठनात्मक सङ्घसंस्थाहरू हुन्छ । सिकाइ शीर्षकमा संगठन, संघीय शब्दमा पञ्चम वर्ण सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप सङ्गठन, सङ्घीय रहेको छ । समग्रमा शीर्षकमा संघीय, संघ, श्रृंखला शब्दमा पञ्चम वर्ण सम्बन्धी त्रुटि रहेको छ। यसको शुद्धरूप सङ्घीय, सङ्घ, श्रृङ्खला रहेको छ ।

***अर्धवार्षिक प्रगति प्रतिवेदनमा भएका पञ्चम वर्णको प्रयोग सम्बन्धी त्रुटि*:** अर्धवार्षिक प्रगति प्रतिवेदनको परिचय खण्डमा भएका त्रुटिहरूमा संचालन, संग्रहालय शब्द रहेका छन् । त्यसको शुद्धरूप सञ्चालन, सङ्ग्रहालय हुन्छ । रणनैतिक उद्देश्यहरू शीर्षकमा वन्चितिकरण शब्दमा त्रुटि रहेको छ भने त्यसको शुद्धरूप वञ्चितीकरण हुन्छ । त्यस्तै सम्पादित प्रमुख क्रियाकलापहरू शीर्षकमा संचालन शब्दमा त्रुटि रहेको छ । त्यसको शुद्धरूप सञ्चालन हुन्छ । समस्या चुनौतीहरू शीर्षकमा संचालन, श्रृंखला शब्दमा त्रुटि रहेको छ । त्यसको शुद्धरूप सञ्चालन, श्रृङ्खला हुन्छ ।

***प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका पञ्चम वर्णको प्रयोग सम्बन्धी त्रुटि*:** मन्त्रालयकोचौमासिक समीक्षा प्रतिवेदनमा भएका पञ्चम वर्णको प्रयोग सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । यस अध्ययनमा नमुनाम छनोटमा परेको स्थानीय तहसँग सहकार्य गर्नुपर्ने कार्यहरू शीर्षकमा बैंक, अपांगता जस्ता शब्दमा पञ्चम वर्णमा त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप बैङ्क, अपाङ्गता हुन्छ ।

***दैनिक सूचनामा भएका पञ्चम वर्ण सम्बन्धी त्रुटि*:** मन्त्रालयबाट प्रकाशित सूचनामा भएका पञ्चम वर्ण सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । यस अध्ययनका लागि नमुना छनोटमा परेका शीर्षक/सूचनामध्ये अध्ययन अनुसन्धानका लागि प्रस्ताव आह्वान शीर्षकको सूचनामा मूल्यांकनकर्ताबाट, बैक, संचालित पञ्चम वर्णमा त्रुटि रहेको छ । यसको शुद्धरूप मूल्याङ्कनकर्ताबाट, बैङ्क, सञ्चालित रहेको छ । प्रदेश स्तरमा सङ्गीत तथा लोकगीत नृत्य प्रशिक्षण कार्यक्रम गर्न प्रस्ताव पेस गर्ने सम्बन्धमी सूचनामा संख्या, संघसंस्था शब्दमा पञ्चम वर्णगत त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप सङ्ख्या, सङ्घसंस्था हुन्छ । युवामैत्री स्थानीय तह घोषणा सम्बन्धी निवेदन पेस गर्ने सम्बन्धमा संख्या, संघ, मूल्याकंन शब्दमा त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप सङ्ख्या, सङ्घ, मूल्याङ्कन हुन्छ । एफ.एम. रेडियोहरुको लागि दरभाउ पेस गर्ने सम्बन्धमा सूचनाका संघीय, मंसिर शब्दमा त्रुटि

रहेको छ । यसको शुद्धरूप सङ्घीय, मङ्सिर हुन्छ । नमुना छनोटमा परेका सूचनामध्ये माग आकृति फाराम पठाउने सम्बन्धमा सूचनाको संख्या, संग्रहालय, मंगलबार शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप सङ्ख्या, सङ्ग्रहालय, मङ्गलबार हुन्छ । प्रदेश स्तरमा सङ्गीत तथा लोकगीत नृत्य प्रशिक्षण कार्यक्रम गर्न प्रस्ताव पेस गर्ने सम्बन्धमी सूचनाका संख्या, संघसंस्था शब्दमा पञ्चम वर्णमा त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप सङ्ख्या, सङ्घसंस्था हुन्छ ।

मन्त्रालयबाट प्रकाशित प्रतिवेदन तथा सूचनामा रहेका पदयोग र पदवियोगसम्बन्धी त्रुटिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

*पदयोगसम्बन्धी त्रुटि*

***वार्षिक प्रतिवेदनमा भएका पदयोग सम्बन्धी त्रुटिः*** वार्षिक प्रगति विवरणको प्रतिवेदनमा भएका पदयोग सम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ । नमुना छनोटमा परेको वार्षिक प्रगति प्रतिवेदनको दीर्घकालीन उद्देश्यहरू शीर्षकको अभिप्रायर शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप अभिप्राय र हुन्छ । त्यसैगरी मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू शीर्षकमा थापाठ्यक्रम, वस्तुकोमा पदण्ड, माप दण्डत थायोजना शब्दमा पदयोग सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप तथा पाठ्यक्रम, वस्तुको मापदण्ड, मापदण्ड, तथा, योजना हुन्छ । प्रतिवेदनका अन्य शीर्षकमा भने पदयोग सम्बन्धी त्रुटि रहेका छैनन् ।

***अर्धवार्षिक प्रगति प्रतिवेदनमा भएका पदयोग सम्बन्धी त्रुटिः*** प्रस्तुत अध्ययनको नमुना छनोटमा परेका अर्धवार्षिक प्रगति प्रतिवेदनका विभिन्न शीर्षकमा पदयोग सम्बन्धी कुनै पनि त्रुटि रहेको छैन ।

**प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका पदयोग सम्बन्धी त्रुटिः** प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका पदयोग सम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ । प्रमुख उपलब्धीहरू, संघसँग सहकार्य गर्नुपर्ने कार्यहरू, स्थानीय तहसँग सहकार्य गर्नुपर्ने कार्यहरू शीर्षक पदयोग सम्बन्धी त्रुटि रहेको छैन । यस प्रतिवेदनको भूकम्प प्रतिकार्य शीर्षकमा निर्माणकालागि शब्दमा पदयोग सम्बन्धी त्रुटि रहेका छन् । जसको शुद्धरूप निर्माणका लागि हुन्छ ।

***दैनिक सूचनामा भएका पदयोग सम्बन्धी त्रुटिः*** प्रस्तुत अध्ययनमा अध्ययन अनुसन्धानका लागि प्रस्ताव आह्वान शीर्षकको सूचनाका दिईनेछ, हुनेछ, गर्नु पर्नेछ, गर्नु पर्नेछ, सक्नु पर्नेछ, बुझाउनु पर्नेछ, भए गरिनेछ, सकिनेछ, दिईनेछ, हुनेछ शब्दमा पदयोग सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप दिइने छ, हुने छ, गर्नुपर्ने छ, गर्नुपर्ने छ, सक्नुपर्ने छ, हुने छ, बुझाउनुपर्ने छ, गरिने छ, सकिने छ हुन्छ । युवामैत्री स्थानीय तह घोषणा सम्बन्धी निवेदन पेस गर्ने सम्बन्धमा शीर्षकको सूचनाका चलानीनं., गरिनेछ, सक्नु हुनेछ शब्दमा त्रुटि रहेका छन् । यसको शुद्धरूप चलानी नं., गरिने छ, सक्नुहुने छ हुन्छ । प्रदेश स्तरमा सङ्गीत तथा लोकगीत नृत्य प्रशिक्षण कार्यक्रम गर्न प्रस्ताव पेस गर्ने सम्बन्धमी सूचनाका सक्नु हुनेछ, हुनुपर्नेछ, व्यहोर्नु पर्नेछ, गराउनु पर्नेछ, गर्नु पर्नेछ, हुनुपर्नेछ शब्दमा पदयोग सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप सक्नुहुने छ, हुनुपर्ने छ, व्यहोर्नुपर्ने छ, गराउनुपर्ने छ, गर्नुपर्ने छ, हुनुपर्ने छ हुन्छ ।

*पदवियोग सम्बन्धी त्रुटि*

प्रतिवेदनमा रहेका पदवियोग सम्बन्धी त्रुटिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

***वार्षिक प्रतिवेदनमा भएका पदवियोग सम्बन्धी त्रुटिः*** वार्षिक प्रगति विवरणको प्रतिवेदनमा भएका पदवियोग सम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ । जसमा वार्षिक प्रगति प्रतिवेदनको पृष्ठभूमिमा भएका त्रुटिहरूमा मिटर सम्म, प्रतिशत भन्दा, विकास का, मिनेट भित्र शब्दमा पदवियोग सम्बन्धी त्रुटि रहेका छन् ।

त्यसको शुद्धरूप मिटरसम्म, प्रतिशतभन्दा, विकासका, मिनेटभित्र हुन्छ । प्रतिवेदनको दीर्घकालीन उद्देश्यहरू शीर्षकमा रोजगार मूलक, उत्पादन मूलक, बनाउदै, अभिप्रायर वमोजिम शब्दमा पदवियोग सम्बन्धी त्रुटि रहेको छ भने यसको शुद्धरूप रोजगारमूलक, उत्पादनमूलक, अभिप्रायबमोजिम हुन्छ । मन्त्रालयद्वारा सम्पादन भएका मुख्य कार्यहरू तथा प्रमुख उपलब्धिहरूमा प्रतिवेदनको शीर्षकमा सो बाट प्रभाव अन्तरगत शब्दमा पदवियोग सम्बन्धी त्रुटि रहेको पाइन्छ । शब्दका शुद्धरूपमा सोबाट, प्रभावअन्तर्गत हुन्छ । बजेट कार्यन्वयनमा देखिएका समस्या शीर्षकमा देखिएका पदवियोग सम्बन्धी त्रुटिहरूमा गरे अनुसार करार सहित, पुर्ति, उपकरण को रहेका छन् । यसको शुद्धरूप गरेअनुसार, करारसहित, उपकरणको रहेको छ । सिकाइ शीर्षकमा भएका पदवियोग सम्बन्धी त्रुटिहरूमा सुझाव अनुसार, मिश्रित भन्दा, गर्नु पर्ने रहेका छन् । यसको शुद्धरूप सुझावअनुसार, मिश्रितभन्दा, गर्नुपर्ने हुन्छ । त्यस्तै यस प्रतिवेदनको अवसर तथा सम्भावना शीर्षकका मूलप्रवाह तर्फ आयआर्जन भन्दा शब्दमा त्रुटि रहेको छ । यसको शुद्धरूप मूलप्रवाहतर्फ आयआर्जनभन्दा हुन्छ ।

***अर्धवार्षिक प्रगति प्रतिवेदनमा भएका पदवियोग सम्बन्धी त्रुटिः*** अर्धवार्षिक प्रगति प्रतिवेदनमा भएका पदवियोग सम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ । जसमा अर्धवार्षिक प्रगति प्रतिवेदनको परिचय खण्डमा भएका पदवियोग सम्बन्धी त्रुटिहरूमा निर्णय अनुसार, मन्त्रालय अन्तर्गत रहेका छन् । त्यसको शुद्धरूप निर्णयअनुसार, मन्त्रालयअन्तर्गत हुन्छ । मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय शीर्षकमा पदवियोग सम्बन्धी कुनै पनि त्रुटि रहेको छैन । रणनैतिक उद्देश्यहरू शीर्षकमा रोजगार मूलक, उत्पादन मूलक, खोज मूलक, अभिप्राय बमोजिम शब्दमा पदवियोग सम्बन्धी त्रुटि रहेको पाइन्छ । यसको शुद्धरूप रोजगारमूलक, उत्पादनमूलक, खोजमूलक, अभिप्रायबमोजिम हुन्छ । बेरुजु व्यवस्थापनका लागि भएका प्रयासहरू शीर्षकमा श्रावण देखि, पौष सम्म शब्दमा पदवियोग सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप श्रावणदेखि, पौषसम्म रहेको छ । सम्पादित प्रमुख क्रियाकलापहरू (श्रावण-पौष २०८०) शीर्षकमा स्वास्थ्य कर्मि, डेङ्गि, अन्तरगत, डोल्पा बाहेक, जिल्ला मा, सुचारु का, साम्रगी को, सर्भिलेन्स लाई, संस्थाहरु संग शब्दमा पदवियोग सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप स्वास्थ्यकर्मी, डेङ्गिअन्तर्गत, डोल्पाबाहेक, जिल्लामा, सुचारुका, साम्रगीको, सर्भिलेन्सलाई, संस्थाहरुसँग हुन्छ । समस्या चुनौतीहरू शीर्षकमा माग बमोजिम, जिल्लाहरू बीच शब्दमा पदवियोग सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप मागबमोजिम, जिल्लाहरूबिच रहेका छन् ।

***प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका पदवियोग सम्बन्धी त्रुटिः*** प्रथम चौमासिक समीक्षा प्रतिवेदनमा भएका पदवियोग सम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ । जसमा प्रतिवेदनको प्रमुख उपलब्धीहरू शीर्षकमा सो अनुसार, करार मार्फत, हुम्ला बाहेक, कार्यालय लगायत, अवधारणा अनुसार शब्दमा त्रुटि रहेको पाइन्छ । जसको शुद्धरूप सोअनुसार, करारमार्फत, हुम्लाबाहेक, कार्यालयलगायत, अवधारणाअनुसार हुन्छ । त्यसैगरी भूकम्प प्रतिकार्य र सङ्घसँग सहकार्य गर्नुपर्ने कार्यहरू शीर्षकमा त्रुटि रहेको छैन । स्थानीय तहसँग सहकार्य गर्नुपर्ने कार्यहरू शीर्षकमा विद्यालय लगायत सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप विद्यालयलगायत हुन्छ ।

***दैनिक सूचनामा भएका पदवियोग सम्बन्धी त्रुटिः*** यस अध्ययनका लागि नमुना छनोटमा परेका शीर्षक/सूचनामध्ये अध्ययन अनुसन्धानका लागि प्रस्ताव आह्वान शीर्षकको सूचनामा तर्जुमा देखि, उपयोग सम्म, सर्त बमोजिम, दिन भित्र, प्रस्ताव सहितको, राज्य भित्रका, सो भन्दा, माथी, प्रदेश भित्र, भई सके, मन्त्रालय संग शब्दमा पदवियोग सम्बन्धी त्रुटि रहेको छ । यसको शुद्धरूप अनुसन्धान कर्ता, सोही अनुसार, अनुसन्धान कर्ता, सो समेत, पृष्ठपोषण सहित, माग अनुसार, सफलता पुर्वक, सहकार्य सहितको, भूमिका को, अनुदान प्रति, सेवा प्रवाह प्रति, निकाय वीच, निरन्तरता को, एह क, आवश्यकता अनुसार, तर्जुमादेखि, उपयोगसम्म, सर्तबमोजिम, दिनभित्र, प्रस्तावसहितको, राज्यभित्रका, सोभन्दा, प्रदेशभित्र, भइसके, मन्त्रालयसँग अनुसन्धानकर्ता, सोहीअनुसार, अनुसन्धानकर्ता, सोसमेत, पृष्ठपोषणसहित, मागअनुसार, सफलतापूर्वक, सहकार्यसहितको, भूमिकाको, अनुदानप्रति, सेवाप्रवाहप्रति, निकायबिच, निरन्तरताको, आवश्यकताअनुसार हुन्छ । युवामैत्री स्थानीय तह घोषणा सम्बन्धी निवेदन पेस गर्ने सम्बन्धको सूचनामा कार्यक्रम अन्तर्गत, गते भित्र, गर्नु हुन, सक्नु हुनेछ शब्दमा त्रुटि रहेको छ ।

यसको शुद्धरूप कार्यक्रमअन्तर्गत, गतेभित्र, गर्नुहुन, सक्नुहुनेछ हुन्छ । माग आकृति फाराम पठाउने सम्बन्धको सूचनामा कार्यतालिका अनुसार त्रुटि रहेको छ । यसको शुद्धरूप कार्यतालिकाअनुसार हुन्छ । प्रदेश स्तरमा सङ्गीत तथा लोकगीत नृत्य प्रशिक्षण कार्यक्रम गर्न प्रस्ताव पेस गर्ने सम्बन्धमी सूचनाका सक्नु हुनेछ, हुनुपर्नेछ, व्यर्होनु पर्नेछ, गराउनु पर्नेछ, गर्नु पर्नेछ, हुनुपर्नेछ,संघ संस्था शब्दमा त्रुटि रहेका छन् । यसको शुद्धरूप सक्नुहुनेछ, हुनुपर्नेछ, व्यर्होनुपर्नेछ, गराउनुपर्नेछ, गर्नुपर्नेछ, हुनुपर्नेछ,सङ्घसंस्था हुन्छ । एफ.एम. रेडियोहरुको लागि दरभाउ पेस गर्ने सम्बन्धमा सूचनामा पदवियोग सम्बन्धी त्रुटि रहेका छैनन् ।

*समग्र प्रतिवेदन तथा सूचनामा भएका वर्णविन्यासगत त्रुटि*


यस अध्ययनमा सामाजिक विकास मन्त्रालयबाट प्रकाशित प्रतिवेदन तथा सूचनामा भएका वर्णविन्यासगत त्रुटिलाई समग्रमा विश्लेषण गरिएको छ । यस अध्ययनमा प्रतिवेदनमा भएका समग्र त्रुटिलाई १०० प्रतिशत मानी त्यसको व्याख्या विश्लेषण गरिएको छ । उक्त समग्र त्रुटिलाई केही सङ्क्षेपीकरण गरी प्रस्तुत गरिएको छ :

समग्र त्रुटि विवरण

| क.स. | प्रतिवेदन तथा सूचनाका नाम | ह्रस्व र दीर्घ | ब र व | श,ष,स को प्रयोग | पञ्चम वर्ण | पदयोग र पदवियोग | जम्मा त्रुटि |
|---|---|---|---|---|---|---|---|
| 1 | वार्षिक प्रगति विवरण | 57 | 38 | 6 | 16 | 52 | 174 |
| 2 | अर्धवार्षिक प्रगगि प्रतिवेदन | 37 | 9 | 0 | 4 | 17 | 67 |
| 3 | प्रथम चौमासिक समीक्षा | 23 | 1 | 1 | 2 | 8 | 35 |
| 4 | दैनिक सूचनामा भएका भाषिक त्रुटि | 74 | 6 | 20 | 13 | 94 | 221 |
| जम्मा त्रुटि सङ्ख्या | | 191 | 54 | 27 | 35 | 171 | 497 |
| प्रतिशत | | 38=43 | 10=87 | 5=43 | 7=04 | 34=41 | 100 |

माथिको तालिकामा ह्रस्वदीर्घ सम्बन्धी त्रुटि १९१ वटा अर्थात समग्र त्रुटिको ३८.५८ प्रतिशत रहेको छ । ब र व सम्बन्धी त्रुटि भने ५४ वटा अर्थात समग्र त्रुटिको १०.५९ प्रतिशत रहेको पाइन्छ । श, ष, स सम्बन्धी त्रुटि भने २७ वटा अर्थात समग्र त्रुटिको ५.४६ प्रतिशत रहेको छ । पञ्चम वर्णको प्रयोग सम्बन्धी ३५ वटा अर्थात समग्र त्रुटि ७.०४ प्रतिशत शब्दमा त्रुटि रहेका छन् । पदवियोग सम्बन्धी १७१ वटा अर्थात समग्र त्रुटिको ३४.४४ प्रतिशत शब्दमा त्रुटि रहेका छन् । यसरी समग्र शब्दलाई आधार मान्दा यस अध्ययनमा जम्मा त्रुटि भएका शब्द ४७९ रहेका छन् ।

प्रतिवेदनमा रहेका समग्र वर्णविन्यासगत त्रुटिलाई अझ प्रष्ट हुनका लागि तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :




माथिको चित्रमा प्रतिवेदनमा रहेका वर्णविन्यासगत त्रुटिलाई समग्रमा प्रस्तुत गरिएको छ । नमुना छनोटमा परेका प्रतिवेदनको अध्ययन गर्दा ह्रस्वदीर्घमा सबैभन्दा बढी ३८.५८ प्रतिशत त्रुटि रहेको छ । भने त्यसपछि पदयोग र पदवियोगमा सबैभन्दा धेरै ३४.४४ प्रतिशत शब्दमा त्रुटि रहेको छ। त्यस्तै सबैभन्दा कम श, ष र स वर्णको प्रयोग सम्बन्धी त्रुटि ५.०४ प्रतिशत शब्दमा रहेको छ।

**प्रतिवेदन तथा सूचनाको भाषिक त्रुटि हुनुका कारण**

प्रस्तुत अध्ययनमा नमुना छनोटमा परेका प्रतिवेदनको भाषिक त्रुटि हुने कारणका सम्बन्धमा विभिन्न व्यक्तिसँग अन्तर्वार्ता लिइएको छ । जसमा प्रतिवेदन लेखन तथा प्रकाशन, विद्यालय तथा विश्वविद्यालयमा अध्यापनरत नेपाली भाषाका विज्ञसँग सूचना तथा प्रतिवेदन प्रकाशनमा भाषिक त्रुटि हुने कारण के हुन सक्छन् भनी प्रश्न सोधेर अन्तर्वार्ता तथा प्रतिक्रिया लिइएको थियो। जसलाई निम्नानुसार लिइएको छ :

विगत १० वर्षदेखि नेपाली विषय अध्यापन गर्ने वर्णविन्याससँग सम्बन्धित प्रशिक्षण दिदै आउनु भएका एक शिक्षकले दिइएको प्रतिक्रियाअनुसार प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिलाई वर्णविन्यास सम्बन्धी ज्ञानमा कमी भएका कारण प्रतिवेदनमा भाषिक त्रुटि देखिएका हुन् भन्ने प्रतिक्रिया दिनुभएको थियो । त्यस्तै उहाँले हतार हतारमा प्रतिवेदन तथा सूचना प्रकाशन गर्ने प्रचलनले भाषिक त्रुटि देखा पर्ने गर्दछन् भन्ने प्रतिक्रिया रहेको छ। नेपाली भाषा सम्पादन नगरी सामग्री प्रकाशन गर्नु पनि प्रतिवेदन तथा सूचनाको त्रुटि हुने अर्को एउटा कारण रहेको प्रतिक्रिया उहाँले दिनुभएको छ। (अन्तर्वार्ता मिति, २०८०/०३/११)

मध्यपश्चिम विश्वविद्यालयमा नेपाली विषय अध्यापन गराउने एक उपप्राध्यापकलेदिइएको प्रतिक्रियाअनुसार प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिलाई वर्णविन्यास सम्बन्धी ज्ञानमा कमी भएकाले भाषिक त्रुटि देखा परेका हुन् । त्यस्तै नेपाली भाषा सम्पादन नगरी सामग्री प्रकाशन गर्दा भाषिक त्रुटि देखा पर्दछन् । उहाँले दिएको प्रतिक्रियामा प्रतिवेदन तयार गर्ने व्यक्तिले नेपाली भाषाको वर्णविन्यासको नियमलाई व्यवास्ता गर्नु पनि भाषिक त्रुटिको अर्को एक कारण भएको प्रतिक्रिया दिनुभएको छ। प्रतिवेदन तयार गरेपश्चात् नेपाली भाषा सम्पादन नगरी सामग्री प्रकाशन गर्नु जस्ता कारणले गर्दा यस्ता त्रुटि हुने गर्दछन् । (अन्तर्वार्ता मिति, २०८०/०३/११)

सुर्खेत बहुमुखी क्याम्पस सुर्खेतमा नेपाली विषय अध्यापन गराउने एक उपप्राध्यापकले दिइएको

प्रतिक्रियाअनुसार प्रतिवेदन तयार गर्ने व्यक्तिलाई वर्णविन्यास सम्बन्धी ज्ञानमा कमी भएकाले भाषिक त्रुटि देखा परेका हुन् । प्रतिवेदन प्रकाशन गर्नु अगाडि भाषा सम्पादन नगरी सामग्री प्रकाशन गर्दा भाषिक त्रुटि देखा पर्दछन् । उहाँले दिएको प्रतिक्रियामा प्रतिवेदन तयार गर्ने तथा कम्प्युटरमा काम गर्ने व्यक्तिलाई नेपाली भाषाको वर्णविन्यासको नियम थाहा नभई त्यस्ता त्रुटि देखा पर्न जान्छन् । (अन्तर्वार्ता मिति, २०८०/०३/१३)

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा कार्यरत एक सूचना प्रकाशनमा संलग्न एक कर्मचारीले दिइएको प्रतिक्रियाअनुसार नेपाली भाषा विषय सम्बन्धी अध्ययनमा कमी भएको प्रतिक्रिया दिएका छन् । उहाँले प्रतिवेन तथा सूचना प्रकाशनमा संलग्न कर्मचारीलाई नेपाली भाषाको वर्णविन्यास सम्बन्धी ज्ञानमा कमी भएको प्रतिक्रिया दिनुभएको छ । (अन्तर्वार्ता मिति, २०८०/०३/१३)

यसरी उल्लेखित शिक्षक, कर्मचारी तथा उपप्राध्यापकको प्रतिक्रियाअनुसार प्रतिवेदन तथा सूचनामा भएका भाषिक त्रुटि हुने विभिन्न कारण रहेको पाइन्छ । समग्र कारणलाई आधार मानेर ती कारणलाई निम्नलिखित बुँदागत रूपमा उल्लेख गरिएको छ :

प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिलाई वर्णविन्यास सम्बन्धी ज्ञानमा कमी,

नेपाली भाषाको वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगरी व्यवास्ता गर्नु,

नेपाली भाषा सम्पादन नगरी हतार हतारमा लिखित सामग्री प्रकाशन गर्नु,

नेपाली भाषामा प्रकाशित सामग्री तथा वर्णविन्यास नियम सम्बन्धी अध्ययन नगर्नु,

प्रतिवेदन तथा सूचना तयार पार्ने व्यक्तिलाई विभिन्न समयमा नेपाली भाषा सम्बन्धी तालिमको अभाव हुनु,

भाषिक त्रुटिको महत्त्व बुझेर सम्बन्धित पक्ष वा सरोकारवाला निकाय सचेत र सजग नहुनुपर्ने,

प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास नहुनु,

नेपाली भाषाको वर्णविन्यासगत एकरूपताको आधार नबनाइनु रहेका छन् ।

यसरी समग्र अध्ययनलाई हेर्दा सूचना तथा प्रतिवेदन तयार पार्ने व्यक्ति तथा संलग्न कर्मचारीले भाषिक ज्ञान लिनु आवश्यक देखिन्छ । भाषिक ज्ञानमा कमजोरी हुनु, आफ्नो पढाइको विषय नेपाली नहुनु, काम छिटै सक्नुपर्ने मानसिकता बनाउनु वा सक्नु, वर्णविन्यासगत नियमलाई ख्याल नगर्नु, भइहाल्छ नि भन्ने मानसिकताबाट सामग्री निर्माण गर्नुका कारण भाषिक त्रुटि हुने गर्दछ । यस्ता त्रुटि हुने क्षेत्रको ख्याल गरी पाठ्य सामग्री निर्माण गर्दा सामग्री त्रुटि रहित बनाउन सकिन्छ । त्यसकारण सरोकारवाला पक्षले त्यस्ता कुरामा ध्यान दिन आवश्यक छ ।

**प्रतिवेदन तथा सूचनाको भाषिक त्रुटि निराकरणका उपायहरू**

प्रस्तुत अध्ययनमा सामाजिक विकास मन्त्रालयबाट प्रकाशित प्रतिवेदन तथा सूचनामा देखा परेका त्रुटि निराकरण गर्नका लागि निम्न उपायहरू अपनाउन सकिन्छ :

स्थानीय तहका लागि लयार पारिएको प्रशिक्षण सामग्री (नेपाली भाषा लेखन शुद्ध लेखन), सबैभन्दा पहिले नेपाल सरकारका विभिन्न मन्त्रालयका साइनबोर्डहरूमा, सरकारी निकायका होडिङबोर्डहरूमा, सूचनापाटीहरू र सार्वजनिक स्थलमा राखिएका विज्ञापनहरूमा प्रयोग भएको नेपाली भाषाको शुद्धीकरण अभियान सञ्चालन गर्नुपर्छ । यसका साथै भाषाको प्रयोग गर्ने ठाउँमा रहेका सबै तहका कर्मचारीहरूलाई भाषिक शुद्धीकरणसम्बन्धी तालिमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुका साथै नियमित अनुगमन गर्नुपर्छ । साथै राष्ट्रपति, प्रधानमन्त्री वा

जिम्मेवार निकायबाट प्रसारण हुने विज्ञप्ति वा औपचारिक सूचनाहरू सार्वजनिक हुनुभन्दा अगाडि विज्ञहरूबाट भाषा सम्पादन गर्ने व्यवस्था मिलाउनुपर्छ अनि हरेक समितिका औपचारिक बैठकहरूमा लेखिने माइन्युटमा शुद्ध लेखनका लागि प्रशिक्षण दिनुपर्छ । यति भए मात्र नेपाली भाषा शुद्धीकरणको प्रयास सबै तहमा फलदायी हुने देखिन्छ । (नेपाल, मिति, २०७८ असार)

नागरिक दैनिक पत्रिकामा नेपाली भाषागत शुद्धता लेखमा नेपाली भाषागत शुद्धाशुद्धिमा ध्यान दिने हो भने प्रत्येक कार्यालयका कर्मचारीलाई नेपाली भाषा शुद्धशुद्धि लेखन सम्बन्धी सामान्य तालिम दिनुपर्छ । मन्त्रालय र विभागमा नेपाली भाषाविज्ञको व्यवस्था गर्नुपर्छ । सार्वजनिक महत्त्वका र सार्वजनिक रूपमा प्रयोग हुने सरकारी दस्तावेजहरू भाषाविदद्वारा सम्पादन गरेको हुनैपर्ने व्यवस्था हुनुपर्छ । (मानन्धर, २०८१/०२/१७) नेपाली भाषाका सबै तद्भव र आगन्तुक शब्दको अगाडि र बिचको इकार र उकार नाम, विशेषण, सङ्ख्यावाचक र क्षतिपूरक शब्दको वर्णविन्यास लेखाइको समस्या समाधान गर्न ह्रस्व लेख्नुपर्छ । ब उच्चारण हुने शब्दमा ब नै लेख्नुपर्दछ । व उच्चारण हुने तद्भव र आगन्तुक शब्दमा व नै लेख्ने तर केही तत्सम शब्दमा ब उच्चारण भएता पनि व लेख्नुपर्दछ । उपसर्ग, प्रत्यय, विभक्ति, वचनबोधक, नामयोगी, द्वित्व, समस्त शब्दमा पदयोग गर्नुपर्दछ । विभक्ति पछि आउने नामयोगी, निपात, क्रियायोगी, जस्ता शब्दमा पदवियोग गर्नुपर्दछ । (सेर्पा, सन् २०२४)

विगत १० वर्षदेखि नेपाली विषय अध्यापन गर्ने वर्णविन्याससँग सम्बन्धित प्रशिक्षण दिदै आउनु भएका एक शिक्षकले दिइएको प्रतिक्रियाअनुसार प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिलाई वर्णविन्यास सम्बन्धी विभिन्न समयमा तालिम दिन सकेमा प्रतिवेदनमा भाषिक त्रुटि कम हुँदै जाने प्रतिक्रिया दिनुभएको थियो । त्यस्तै उहाँले हतार हतारमा प्रतिवेदन तथा सूचना प्रकाशन नगरी नेपाली भाषा सम्पादन गरेर मात्र सामग्री प्रकाशन गर्नुपर्ने प्रतिक्रिया उहाँले दिनुभएको छ । (अन्तर्वार्ता मिति, २०८०/०३/११)

सुर्खेत बहुमुखी क्याम्पस सुर्खेतमा नेपाली विषय अध्यापन गराउने एक उपप्राध्यापकले दिइएको प्रतिक्रियाअनुसार प्रतिवेदन तयार गर्ने व्यक्तिलाई वर्णविन्यास सम्बन्धी ज्ञानमा कमी भएकाले भाषिक त्रुटि देखा परेका हुन् । प्रतिवेदन प्रकाशन गर्नु अगाडि भाषा सम्पादन नगरी सामग्री प्रकाशन गर्दा भाषिक त्रुटि देखा पर्दछन् । उहाँले दिएको प्रतिक्रियामा प्रतिवेदन तयार गर्ने तथा कम्प्युटरमा काम गर्ने व्यक्तिलाई नेपाली भाषाको वर्णविन्यासको नियम थाहा नभई त्यस्ता त्रुटि देखा पर्न जान्छन् । (अन्तर्वार्ता मिति, २०८०/०३/१३)

मध्यपश्चिम विश्वविद्यालयमा नेपाली विषय अध्यापन गराउने एक उपप्राध्यापकले दिइएको प्रतिक्रियाअनुसार प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिलाई वर्णविन्यास सम्बन्धी ज्ञानमा कमी भएकाले भाषिक त्रुटि देखा परेका हुन् । त्यसैले नेपाली भाषाको शुद्ध लेखनका लागि कर्मचारीलाई समय समयमा तालिम प्रदान गर्नुपर्ने प्रतिक्रिया दिनुभएको छ । त्यस्तै नेपाली भाषा सम्पादन नगरी सामग्री प्रकाशन गर्दा भाषिक त्रुटि देखा पर्ने भएकाले भाषा सम्पादकन गरेर मात्र सामग्री प्रकाशन गर्नुपर्ने धारणा उहाँको रहेको छ । (अन्तर्वार्ता मिति, २०८०/०३/१३) सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा कार्यरत एक सूचना प्रकाशनमा संलग्न एक अधिकृतले दिइएको प्रतिक्रियाअनुसार नेपाली भाषा विषय सम्बन्धी अध्ययनमा कमी भएकाले यस सम्बन्धी जानकारी समय समयमा दिन सकेमा भाषिक त्रुटि कम हुने प्रतिक्रिया दिएका छन् । (अन्तर्वार्ता मिति, २०८०/०३/१३)

समग्रमा प्रतिवेदन तथा सूचनामा देखा परेका त्रुटि निराकरण गर्नका लागि निम्न उपायहरू अपनाउन सकिन्छ :

भाषिक त्रुटिको महत्त्व बुझेर सम्बन्धित पक्ष वा सरोकारवाला निकाय सचेत र सजग हुनुपर्ने,

प्रतिवेदन तथा सूचनाको भाषिक सम्पादन गरेर मात्र प्रकाशन गर्नुपर्ने,

प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास

गर्नुपर्ने,

प्रतिवेदन तथा सूचना लेखनका कार्यमा भाषासम्पादकलाई संलग्न गराउनुपर्ने,

कम्प्युटर तथा लेख्य सामग्री निर्माण गर्ने कर्मचारीलाई समय समयमा नेपाली भाषा सम्बन्धी तालिम तथा जानकारीमूलक कार्यक्रम आयोजना गर्नुपर्ने,

सबै प्रशासनिक निकायमा मानक वर्णविन्यास लागु गर्ने अनिवार्य व्यवस्था लागु गर्नुपर्ने,

नेपाली भाषाको वर्णविन्यास सम्बन्धी नियमको ख्याल गर्नुपर्ने,

हतारमा लिखित सामग्री प्रकाशन नगरी भाषा सम्पादन गर्नुपर्ने,

नेपाली भाषाका सबै तद्भव र आगन्तुक शब्दको अगाडि र बिचको इकार र उकार नाम, विशेषण, सङ्ख्यावाचक र क्षतिपूरक शब्दको वर्णविन्यास लेखाइको समस्या समाधान गर्न ह्रस्व लेख्नुपर्छ ।

ब उच्चारण हुने शब्दमा ब नै लेख्नुपर्दछ भने व उच्चारण हुने तद्भव र आगन्तुक शब्दमा व नै लेख्ने तर केही तत्सम शब्दमा ब उच्चारण भएता पनि व लेख्नुपर्दछ ।

उपसर्ग, प्रत्यय, विभक्ति, वचनबोधक, नामयोगी, द्वित्व, समस्त शब्दमा पदयोग गर्नुपर्दछ भने विभक्ति पछि आउने नामयोगी, निपात, क्रियायोगी, जस्ता शब्दमा पदवियोग गर्नुपर्दछ ।

यस अध्ययनमा समावेश गरिएका प्रतिवेदन तथा सूचनाबाट प्राप्त तथ्याङ्कको विश्लेषणलाई आधार मान्दा सरोकारवाला पक्षले वर्णविन्यासगत त्रुटि न्यूनीकरणमा ध्यान दिनुपर्ने देखिन्छ । पाठ्य सामग्री तयार पार्दा सम्बन्धित व्यक्तिले ख्याल नगर्दा केही त्रुटि रहेका छन् । यस्ता त्रुटि निराकरण गर्दै जानुपर्ने देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत लेखसामाजिक विकास मन्त्रालयबाट प्रकाशित प्रतिवेदन तथा सूचनामा (२०८०) प्रयुक्त वर्णविन्यासगत त्रुटिशीर्षकमा केन्द्रित गरिएको छ । यसका अध्ययनका लागि त्रुटिक्षेत्र- ह्रस्व-दीर्घ, 'ब, व', 'श/ष/स', पञ्चम वर्ण तथा पदयोग र पदवियोगलाई मुख्य आधार बनाइएको छ । यी आधारमा सामाजिक विकास मन्त्रालय, वीरेन्द्रनगर सुर्खेतद्वारा प्रकाशित वार्षिक प्रगति प्रतिवेदन (२०७९), अर्धवार्षिक प्रतिवेदन आ.व. २०८०/८१ र चौमासिक समीक्षा प्रतिवेदनमा भएका त्रुटिको व्याख्या विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।यस अध्ययनमा ह्रस्व र दीर्घ सम्बन्धी त्रुटि १९१ वटा अर्थात समग्र त्रुटिको ३८.५८ प्रतिशत रहेको छ । ब र व सम्बन्धी त्रुटि भने ५४ वटा अर्थात समग्र त्रुटिको १०.५९ प्रतिशत रहेको पाइन्छ । श, ष, स सम्बन्धी त्रुटि भने २७ वटा अर्थात समग्र त्रुटिको ५.४६ प्रतिशत रहेको छ । शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोग सम्बन्धी १९ वटा अर्थात समग्र त्रुटि ३.८९ प्रतिशत रहेको छ । पञ्चम वर्णको प्रयोग सम्बन्धी ३५ वटा अर्थात समग्र त्रुटि ७.०४ प्रतिशत शब्दमा त्रुटि रहेका छन् । पदवियोग सम्बन्धी १७१ वटा अर्थात समग्र त्रुटिको ३४.४४ प्रतिशत शब्दमा त्रुटि रहेका छन् । यसरी समग्र शब्दलाई आधार मान्दा यस अध्ययनमा जम्मा त्रुटि भएका शब्द ४७९ रहेका छन् ।

प्रस्तुत अध्ययनमा तथ्याङ्कको व्याख्या एवम् विश्लेषण पश्चात भाषिक त्रुटिको महत्त्व बुझेर सम्बन्धित पक्ष वा सरोकारवाला निकाय सचेत र सजग हुनुपर्ने, प्रतिवेदन तथा सूचनाको भाषिक सम्पादन गरेर मात्र प्रकाशन गर्नुपर्ने, प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास गर्नुपर्ने निष्कर्ष निकालिएको छ । साथै प्रतिवेदन तथा सूचना लेखनका कार्यमा भाषासम्पादकलाई संलग्न गराउनुपर्ने, कम्प्युटर तथा लेख्य सामग्री निर्माण गर्ने कर्मचारीलाई समय समयमा नेपाली भाषा सम्बन्धी तालिम तथा जानकारीमूलक कार्यक्रम आयोजना गर्नुपर्ने, नेपाली भाषाको वर्णविन्यासगत एकरूपताको आधार बनाइनुपर्ने, परम्परागत नेपाली वर्णविन्यासगत व्यवस्था सम्बन्धी थप शोधखोज गरी समसामयिक सुधार तथा आधुनिकीकरण गरिनुपर्ने, सबै प्रशासनिक निकायमा मानक वर्णविन्यास लागु गर्ने अनिवार्य व्यवस्था लागु गर्नुपर्ने

निष्कर्ष निकालिएको छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल, देवी (२०७८, असार), *स्थानीय तहका लागि लयार पारिएको प्रशिक्षण सामग्री (नेपाली भाषा लेखन शुद्ध लेखन)* नेपाल सरकार, स्थानीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

नेपाल सरकार (२०७६), *प्रकाशन शैली,* काठमाडौः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

पराजुली कृष्णप्रसाद, (२०८०) राम्रो रचना मीठो नेपाली, काठमाडौ : मेला बुक्स ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,*(दोस्रो संस्करण.) काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रीव्युटर्स प्रा.लि. ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०७५), *मानकनेपाली वर्णविन्यास,* काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* (प्रथम संस्करण) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शेर्पा, दावा (सन् २०२४), *वर्णविन्यासगत समस्या र यसको समाधान,* Prayaratna, Vol : 6, Issue: 1, 2024

सहकारी, कर्णबहादुर (२०७७) *नेपालको संविधान (२०७२) मा प्रयुक्त वर्णविन्यासगत त्रुटि* अप्रकाशित स्नात्तकोतर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, म.प.वि.सुर्खेत ।